श्री ५ को सरकार

## कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. १३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्टाण्डर्ड नाप र तौल (दोस्रो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ मा संशोधन : स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :–

"(ञ) "नियन्त्रक" भन्नाले नापतौल विभागको महा-निर्देशकलाई सम्झनुपर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३५२

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को उपदफा(३) मा रहेको "दफा १२" भन्ने शब्दहरूको सट्टा "दफा ८ ख." भन्ने शब्दहरू राखिएका छन्।

४. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को उपदफा (१) मा रहेको "दफा १३" भन्ने शब्दहरूको सट्टा "दफा ८घ." भन्ने शब्दहरू राखिएका छन्।

५. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ मा रहेको "नियन्त्रक" भन्ने शब्दको सट्टा "निरीक्षक" भन्ने शब्द राखिएको छ।

६. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ मा रहेको "श्री ५ को सरकार वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरूको सट्टा "निरीक्षक" भन्ने शब्द राखिएको छ।

७. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को उपदफा(१) मा रहेको "निजलाई निरीक्षकले" भन्ने शब्दहरूपछि "प्रत्येक कसूरमा" भन्ने शब्दहरू थपिएका छन्।

८. मूल ऐनमा दफा ३० क. थप : मूल ऐनको दफा ३० पछि देहायको दफा ३० क. थपिएको छ :–

"३० क. सरकारी बाँकी सरह असूलउपर गर्ने : (१) यो ऐनबमोजिम निरीक्षकले गरेको निर्णयबाट दाखिल गर्नु पर्ने जरिबाना त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित कार्यालयमा दाखिल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जरिबानाको रकम दाखिल नगरेमा त्यस्तो रकम श्री ५ को सरकारले तोकेको कार्यालय वा अधिकारीले प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असूलउपर गरी लिनेछ।"

लालमोहर सदर मिति :– २०४२।६।१४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२५४